# सरकारी वार्ता टोली र संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समिति बीच भएको सहमति

## मिति २०६५ चैत्र ३ गते भएको सहमति

१. मुस्लिम लगायत देशका सम्पूर्ण आदिवासी, जनजाति, मधेसी, थारु, दलित, अल्पसंख्यक समुदायको आ-आफ्नै विशिष्ट पहिचान छ भन्ने विषयमा नेपाल सरकार स्पस्ट छ । तसर्थ उनीहरुको स्वतन्त्र पहिचानमा बाधा पुऱ्याउने वा ओझेलमा पार्ने विद्यमान संबैधानिक र कानूनी व्यबस्थालाई आवश्यक प्रक्रिया पूरा गरी संशोधन गरिने छ ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (घ१) मा उल्लिखित "मुलुकको राज्य संरचनाका सबै अङ्गहरुमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सवैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने ।" भन्ने कुरामा प्रतिवद्ध हुँदै मुस्लिम लगायत देशका सम्पूर्ण आदिवासी, जनजाति, मधेसी, थारु, दलित, अल्पसंख्यक समुदायको राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक अधिकार सुनिश्चित गर्न नेपाल सरकारले आवश्यक पहल गर्नेछ ।

३. नेपाली मुस्लिम समुदायको विविध क्षेत्रको उत्थान तथा विकास, स्थायी हज कमिटी गठन, मदरसा वोर्ड गठन लगायतका समेत कार्य गर्न आवश्यक प्रकृया पूरा गरी राष्ट्रिय मुस्लिम आयोग अविलम्ब गठन गरिने छ ।

४. हजरत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको जन्मदिन एवं मोहर्रम पर्वहरुमा सार्वजनिक विदा सम्बन्धी माग बारे नेपाल सरकारले सकारात्मक रुपमा विचार गर्ने छ ।

५. नेपाल सरकारको प्रत्येक दश वर्षमा राष्ट्रिय जनगणना गर्ने नीति अनुरुप बि.सं. २०५८ सालमा भएको जनगणनाको प्रतिवेदन सार्वजनिक भइसकेको छ । आगामी समयमा जनगणना गर्दा मुस्लिम लगायत देशका सम्पूर्ण आदिवासी, जनजाति, मधेसी, थारु, दलित, अल्पसंख्यक लगायतका समुदायको छुट्टै सांख्यिक र अन्य विवरण स्पस्ट हुने गरी जनगणना गरिने विषयमा सरकार प्रतिबद्ध छ ।

६. देशको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन तथा नयाँ जनमुखी संविधान निर्माण गर्न नेपालका सम्पूर्ण मुस्लिम समुदायको तर्फवाट प्रतिबद्धता ब्यक्त गर्दै संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिले घोषणा गरेको संघर्षका सम्पूर्ण कार्यक्रमहरु फिर्ता लिएको छ ।

**संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिका**
**वार्ताटोलीका तर्फबाट**

.............................
अतहर हुसेन फारूकी
वार्ताटोली संयोजक
तथा

.............................
ताज मोहम्मद मिया
केन्द्रिय संघर्ष समिति संयोजक

**सरकारी वार्ता**
**टोलीको तर्फबाट**

.............................
जनार्दन शर्मा "प्रभाकर"
वार्ताटोली संयोजक

मन्त्री, शान्ति तथा पुनर्निर्माण

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com